# मकालु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**नुम, संखुवासभा**

**कोशी प्रदेश, नेपाल**

## (आ.व २०८२/८३ को आन्तरिक आयको ठेक्का सम्वन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना)

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१४**

स्थानीय सरकार संचानल ऐन २०७४ तथा मकालु गाउँपालिकाको आर्थिक ऐन २०८२ (सभाबाट पारित) वमोजिम मकालु गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायको शिर्षक हरुमा आ.व.२०८२/०८३ को लागि बढिबढाउमा ठेक्का बस्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुबाट मिति २०८२/०३/२८ गते कार्यालय समयमा आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, पान नं दर्ता, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को करचुक्ताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पत्र संलग्न गरी बोलपत्र फारममा रहेको शर्तहरुको अधिनमा रहि रितपुर्वक शिलवन्दी बोलपत्र मार्फतको बोलपत्र पेश गर्नको लागि सूचना आव्हान गरिन्छ। साथै थप जानकारीको लागि यस मकालु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुम संखुवासभा बाट लिन सकिनेछ।

**स्थानीय उत्पादन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन हुने वस्तु वा अन्य मालसमानमा आफ्नो क्षेत्र वाहिर लैजादा शुल्क उठाउने कार्य।

| ठेक्का नं | विवरण | न्युनतम अंक (मु.अ.कर सहितमा) | निवेदन शुल्क | धरौटि रकम | बोलपत्र खरिद वा दाखिला गर्ने अवधि |
|---|---|---|---|---|---|
| १/आय/MRM/२०८२/०८३ | गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन हुने वस्तु वा अन्य मालसमान आफ्नो क्षेत्र बाहिर लैजादा स्थानीय शुल्क उठाउने कार्य। | २२,००,०००/- (अक्षरुपि रु बाईस लाख मात्र) | ३०००/- | मु.अ. कर सहितको कबोल अंकको ५% | सूचना प्रकाशित भएको मितिले १५औ दिन कार्यालय समय भित्र। |

**शर्तहरु:**

१) यस गाउँपालिकाले खुलाएको सूचना वमोजिमको कागजात सहितको निवेदन दस्तुर रु ३००० (तिन हजार) को नगद रसिद सहित संलग्न गरेको हुनु पर्नेछ।

२) प्रस्तावकको मकालु गाउँपालिका भित्रको स्थानहरुमा मात्र रहि कर संकलन गर्नु पर्नेछ।

३) गाउँपालिकाले तोकेको करका क्षेत्र तथा दररेट भित्र रहि प्रस्तावकले राजश्व उठाउनु पर्नेछ। तोकेको क्षेत्र तथा दररेट भन्दा बाहिर गई राजश्व संकलन गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

४) प्रस्ताव कार्यान्वयनको सिमा अवधि बढीमा १ वर्षको हुने छ, र प्रशतावकले सम्झौता अनुसार कार्य नगरे कुनैपनि वखत रकम असुलउपर गरी सम्झौता भङ्ग गरिने छ।

५) ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाहि गरिनेछ।

६) ठेक्का अवधि प्रचलित कानुन बमोजिम आ.व.२०८२/०८३ सम्म कायम रहनेछ।

७) दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन।

८) बोलपत्र फारम भरि पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसँग लेखी कबोल अंकको कम्तिमा ३% ले हुन आउने बोलपत्र जमानत रकम (Bid Secutity Amount) यस कार्यालयको सिद्धार्थ बैङ्क मकालु शाखामा रहेको धरौटि कोष खाता नं २६१५१३५८५८ (ग ३) मा प्रस्तावकदाताको नामबाट जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ। कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। साथै उक्त आय ठेक्का हरुमा जुन कबोल अंक बढि हुनेछ सो कबोल कर्ताको बोलपत्र स्विकृत गरिनेछ।

९) ठेक्कामा कुनै विवाद भएमा मकालु गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१०) दरभाउपत्र फारमहरु दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोहि समयमा हुनेछ। तर बिड बण्डको मान्य अवधि सुरुकै मितिबाट कायम हुनेछ।

११) दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनिका व्यवसायी नविकरण प्रमाणपत्र, स्थाई लेखा नं, मु.अ कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र (२०८१/०८२) को प्रतिलिपि संलग्न राखि पेश गर्नुपर्नेछ।

१२) दरभाउपत्रको फारम नियमानुसारको राजश्व तिरि गाउँपालिकाको वेवसाईट www.makalumun.gov.np बाट वा गाउँपालिकाको कार्यालयबाट लिइ पेश गर्न सकिनेछ।

१३) उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरुको हकमा प्रचलित कानुन तथा ठेक्का सविकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१४) कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानि तालिका देहाय अनुसार हुनेछ।

१५) कारण जनाई वा नजनाई बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस मकालु गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

१६) अन्य विस्तृत जानकारीको लागि यस कार्यलयमा सम्पर्क राख्न सकिनेछ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो किस्ता | ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको २५% ले हुन आउने रकम |
| दोस्रो किस्ता | २०८२ पौष मसान्त भित्र | कबोल अंकको २५% ले हुन आउने रकम |
| तेस्रो किस्ता | २०८२ चैत्र मसान्त भित्र | कबोल अंकको २५% ले हुन आउने रकम |
| चौथो किस्ता | २०८३ असार १० गते भित्र | कबोल अंकको २५% ले हुन आउने रकम |

**प्रमुख प्रशासकीय अधिकृत**